स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता टाइगर श्रोफको करिअर यतिबेला संकटमा छ । टाइगरको नयाँ फिल्म "बागी ४" पनि असफल भएको छ । गत सेप्टेम्बर ५ मा रिलिज भएको यो फिल्मले पहिलो हप्ता सुखद व्यापार गरेको भए पनि दोस्रो हप्तापछि बक्स अफिसमा कमजोर प्रदर्शन गरिरहेको छ । दोस्रो हप्ताको शनिबार सम्म फिल्मले ४६ करोड नेट कमाएको छ । पहिलो हप्ता फिल्मको व्यापार ४४ करोड ५ लाख थियो । शनिबार ८४ लाख मात्र कमाइ गरेको "बागी ४"ले अब लगानी उठाउन असम्भव देखिन्छ ।

**आजको विचार...**



जेनजीलाई...
(दुई पेजमा)

शैलेन्द्र महतो

जेनजी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको सरकारले २१ फागुन (मार्च ५)मा चुनावको मिति घोषणा गरेको छ । पछिल्लो राजनीतिक विकासक्रममा सेलिब्रेटीले चासो दिइरहेका छन् । अभिनेता जसिता गुरुङले त सरकारले घोषणा गरेको आउँदो चुनावलाई सफल पाउन सामाजिक संजालबाट आग्रह गरेकी छन् । विशेषगरि विदेशमा बसोबास गर्ने नेपालीलाई मताधिकारको प्रयोग गर्न उनको आग्रह छ । "विदेशमा बस्नुहुने सबै नेपालीलाई नयाँ नेपाल निर्माणको लागि योगदान गर्ने मौका छ" उनी लेख्छिन्, "कामबाट बिदा लिनूस र मतदानको लागि घर जानूस ।"



❒ वर्ष ३१ ❒ अंक ६० ❒ २०८२ भदौ ३० गते सोमबार 15 September 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सडक दुर्घटनामा १५ को मृत्यु

(रासस/एएफपी)

**मेक्सिको सिटी,** भदौ २९/दक्षिणपूर्वी मेक्सिकोमा शनिबार भएको भीषण सडक दुर्घटनामा कम्तीमा १५ जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

युकाटन राज्यको सुरक्षा सचिवालयका अनुसार मेरिडा र क्याम्पेचे सहरबीचको राजमार्गमा एक कार्गो ट्रक पल्टिएर निर्माण श्रमिकहरू बोकेको कारसँग ठोक्किँदा दुर्घटना भएको हो । सामाजिक सञ्जालमार्फत जारी विज्ञप्तिमा भनिएको छ, "घटनास्थलमै १५ जनाको मृत्यु भएको पुष्टि भएको छ ।" साथै, ट्रक चालकसहित अन्य दुई जना घाइते भएका छन् । यो घातक दुर्घटना एक हप्ताभन्दा कम अवधिमा मेक्सिकोमा धेरैजनाको ज्यान जाने तेस्रो ठूलो घटना हो । यसअघि सोमबार मध्य मेक्सिकोमा मालवाहक रेल डबल डेकर बससँग ठोक्किँदा १० जनाको मृत्यु र ४१ जना घाइते भएका थिए ।त्यसको दुई दिनपछि मेक्सिको सिटीमा करिब ५० हजार लिटर ग्यास बोकेको ट्रक पल्टिएर विस्फोट हुँदा ठूलो दुर्घटना भएको थियो । शनिबार अद्यावधिक गरिएको तथ्याङ्क अनुसार उक्त घटनामा १३ जनाको मृत्यु भएको थियो भने दर्जनौं मानिस गम्भीर रूपमा घाइते भएका थिए ।

# प्रधानमन्त्री कार्कीले सम्हालिन् पदभार

## जेन–जी आन्दोलनमा मारिएकालाई शहीद घोषणा गर्ने देखि परिवारलाई १० लाख दिने सरकारको निर्णय

हाम्रा संवाददाता

**पाल्पा,** भदौ २९/अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले पदभार सम्हालेकी छिन् । शुक्रबार राति जेन-जी आन्दोलनका मागलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रधानमन्त्रीको शपथ खाएकी कार्कीले आइतबार सिंहदरबार पुगेर पदभार ग्रहण गरेकी हुन् ।

उनले पदभार ग्रहण गर्दै सरकारकोतर्फ जेन-जी आन्दोलनमा मारिएकाहरुलाई शहीद घोषणा गर्नेदेखि परिवारलाई १० लाख राहत दिने घोषणा समेत गरेकी छन् । मुख्यसचिव एकनारायण अर्यालले प्रधानमन्त्री कार्कीले आन्दोलनमा मृत्यु भएकाहरूलाई शहिद घोषणा गर्दै मृतकका परिवारलाई प्रति व्यक्ति १० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको जानकारी दिए । त्यस्तै, घाइतेहरूको निशुल्क उपचार गर्ने निर्णय भएको र त्यही अनुसार उपचार गर्ने काम भइरहेको उनले बताए । साथै, मृतकको शवलाई



आफ्नो स्थानीय क्षेत्रमा पुऱ्याउन चाहनेलाई सवारी साधनको व्यवस्था पनि गर्ने सरकारले निर्णय गरेको छ । "अहिले मृतकका परिवारहरु काठमाडौं भ्यालीमै छन् । उनीहरु बसेको, उठेको, खाएको त्यो खर्च हेरिदिने," प्रधानमन्त्री कार्कीले भनिन्, "मृतकको शवलाई आफ्नो स्थानीय क्षेत्रमा पुऱ्याउन कसैले चाहन्छ भने सवारीको पनि व्यवस्था गरिदिने आदि निर्णय भएको छ ।" त्यस्तै, प्रदर्शनका क्रममा घाइते भएकाहरू अपांगको परिभाषाभित्र परेको खण्डमा पछिसम्म उपचारको व्यवस्था गर्ने निर्णय पनि भएको उनले बताइन् । निजी क्षेत्रमा पनि केही गर्न सकिन्छ कि भनेर कोशिस भइरहेको प्रधानमन्त्री कार्कीले बताइन् ।

जेन-जी आन्दोलनका क्रममा अहिलेसम्म देशभर ७२ जनाको निधन भएको सरकारले जानकारी दिएको छ । प्रधानमन्त्रीको पदभार ग्रहण कार्यक्रममा सो जानकारी गराइएको हो । जसमा ५९ जना प्रदर्शनकारी, १० जना कैदी बन्दी र ३ जना सुरक्षाकर्मीको मृत्यु भएको छ । १३३ जना प्रदर्शनकारी र ५७ सुरक्षाकर्मी घाइतेको उपचार जारी रहेको छ । जेनजी अभियानको भदौ २३ र २४ गतेको आन्दोलनले नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) को गठबन्धनलाई सत्ताच्युत गरेपछि सँीय लोकतान्त्रिक गणतन्त्र नेपालले प्रथम महिला प्रधानमन्त्रीका रूपमा कार्कीलाई प्राप्त गरेको हो ।

# सुमनाले छोडिन् रास्वपा



**पाल्पा,** भदौ २९/राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ सुमना श्रेष्ठले पार्टी छाडेकी छन् । उनले आज सामाजिक सञ्जालमा एक स्टाटस लेख्दै पार्टी छाडेको घोषणा गरेकी हुन् ।

'कहिलै गल्ती नस्वीकार्ने । गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनुपर्ने । पार्टीभित्र आलोचना गर्नेहरूका विरूद्धमा मिडिया ट्रायल गर्ने,' उनले लेखेकी छन् । जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यतिबेला देखि नै आलोचना गर्दै आए तर त्यसले कत्ति पनि फरक पारेन । अझ उल्टै मिडिया ट्रयाल हुन थालेको उनको भनाइ छ । उनले भनिन्, 'अब खुल्लारूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएको छु । मनलाग्दी चलुन्जेल मनलाग्दी गर्नु होला मैले पार्टी छोडेँ ।' उनी लामो समयदेखि रास्वपा सभापति रवि लामिछानेको कार्यशैलीलाई लिएर असन्तुष्ट व्यक्त गर्दै आएकी थिइन् । उनले काँग्रेस, एमालेका तुस्रो पुस्ताका नेताहरुलाई समेत सच्चिन आग्रह गरेकी छन् । नेतृ श्रेष्ठले भनिन् 'काँग्रेस एमाले लगायतका पार्टीका तेस्रो पुस्ताका नेताहरू पनि यो सोच्नुहोस् ।

आजको दिनको परिस्थिति आउन तपाईहरूको भन्दा बढी तपाईंहरूको नेतृत्वको बेहोराले हो । त्यो किन बोकेर बस्नुहुन्छ ? अहिले सही समय आएको छ । आफ्ना नेताहरूलाई पूजा गर्न बन्द गर्नुहोस् । कि हटाउनुहोस्, कि हट्नुहोस् ।' श्रेष्ठ यस अघि शिक्षा मन्त्रीसमेत बनिसकेकी थिइन् । उनले रास्वपाको सहमहामन्त्री पद पहिल्यै त्यागी सकेकी थिइन् ।

# सीमान्तकृतलाई आयआर्जन कार्यक्रम



**गुल्मी,** भदौ २९/जिल्लामा सीमान्तकृत वर्गका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहयोगमा चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिकामा दलित तथा सीमान्तकृत वर्गका नागरिकको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

लुम्बिनी प्रदेश सरकार अन्तर्गत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सहयोगमा दलित तथा सीमान्तकृत वर्गका लागि २० लाख अनुदान रकम उपलब्ध गराइएको छ । प्रदेश सरकारले सत्यवती र चन्द्रकोटमा लक्षित समुदायका परिवारको आयआर्जमा वृद्धि गर्दै उनीहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम सञ्चालन गरेको हो ।

समुदाय विशेष आयआर्जन कार्यक्रम अन्तर्गत सत्यवती गाउँपालिका-३ स्थित ठूलोलुम्पेक र चन्द्रकोट गाउँपालिका-७ स्थित बोटेगाउँमा आर्थिक रूपमा विपन्न समुदायलाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख हुमनाथ पाण्डेले जानकारी दिए । उनले सत्यवती गाउँपालिकामा दलित समुदायका २२ घरपरिवारलाई १० लाख र चन्द्रकोटमा सीमान्तकृत समुदायका लागि १० लाख अनुदान उपलब्ध गराइसकिएको बताए । उक्त अनुदानबाट लक्षित वर्गका किसानले सत्यवतीमा २२ वटा उन्नत जातका मुर्रा भैँसीका पाडी र चन्द्रकोटमा २० घरपरिवारले उन्नत जातका बाख्रापालन गरिरहेको सत्यवती गाउँपालिका-३ का वडाध्यक्ष जितबहादुर तरामु मगरले बताए ।

भेटेरिनरी कार्यालयबाट त्यस समुदायका किसानका लागि गोठ सुधार, औषधि उपचार एवं पशुपालनसम्बन्धी तालिम उपलब्ध गराउँदै आएको छ । सीमान्तकृत वर्गअन्तर्गत बोटेमाझीका २० घरलाई प्रतिपरिवार ५० हजार र सत्यवतीमा दलित समुदायका २२ परिवारका लागि ४५ हजारका दरले अनुदान उपलब्ध गराइएको छ । उक्त अनुदान रकमले त्यहाँका समुदायले यतिबेला भैँसी र बाख्रापालन गरेर आयआर्जन गर्न थालेका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट बाख्रापालनका लागि आधुनिक किसिमको खोर निर्माण, बीउबोका वितरण, घाँसका बिरुवा, जुकाको औषधि र भिटामिन उपलब्ध गराउनुका अतिरिक्त किसानलाई तालिमसमेत उपलब्ध गराएको छ । सत्यवती गाउँपालिकाका अध्यक्ष टीकाराम पाण्डेले लक्षित वर्गलाई प्रमुख प्राथमिकतामा राखेर सञ्चालन गरिएका यस्ता प्रकारका कार्यक्रमले दलित तथा सीमान्तकृत समुदायको आर्थिक अवस्था सुधारमा सहयोग पुग्ने बताए । कृषि तथा पशुपन्छी विकास कार्यक्रमअन्तर्गत जिल्लामा पहिलो पटक उक्त कार्यक्रम सञ्चालन गरिएको हो । **-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अर्थतन्त्रलाई गहिरो संकटमा जानबाट जोगाऔँ

**कोभिड महामारीका कारण लामो समय प्रभावित बनेको मुलुकको अर्थतन्त्र उठ्नै लागेको बेला पुनः कमजोर बन्न पुगेको छ । जेनजी आन्दोलनका क्रममा भएको आगजनी, लुटपाट, तोडफोडजस्ता घटनाले नेपालको अर्थतन्त्रमा गहिरो असर पर्न गएको छ । राज्यको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, संसद् र सर्वोच्च न्यायालय सहितका भौतिक, अभौतिक सबै सम्पत्ति नष्ट भएको हुँदा मुलुक कहाँबाट उठ्ने र कसरी अगाडि बढ्ने भन्ने सबैभन्दा पेचिलो प्रश्न तेर्सिएको छ । त्यतिमात्रै नभई व्यावसायिक प्रतिष्ठान र उद्यमीहरूको सम्पत्तिलाई समेत खरानी पारिएको छ, जसले आमनागरिकमा निराशा पैदा गरेको छ । जेन-जी आन्दोलनबाट सरकार परिवर्तनसम्मको स्थितिलाई सामान्य रूपमा लिन सकिए पनि त्यसपछिको विध्वंसले नेपाललाई तातो ताप्केबाट फुत्किएर भुंग्रोमा परेको माछाको हालतमा पुर्‍याएको छ ।**

**विध्वंसका कारण सरकारी र निजी सम्पत्तिमा पुगेको भौतिक क्षतिको तथ्यांक आइसकेको छैन । तथापि, यसको असर वर्षौंसम्म पर्ने निश्चित छ । विशेष गरी यस घटनाले निजी क्षेत्र र लगानीमा ठूलो चोट पुगेको छ । उद्योग, व्यवसाय, होटल, सुपरमार्केट, बैंक तथा व्यापारिक केन्द्रहरूमा भएको क्षतिले निजी क्षेत्रको मनोबल कमजोर बनाएको छ । स्थानीय मात्र नभई विदेशी लगानीकर्ताहरूले पनि नेपाललाई असुरक्षित गन्तव्यको रूपमा हेर्न थालेका छन्, जसले भविष्यमा नयाँ लगानी आकर्षित गर्न कठिनाइ बढाउँछ । यसै गरी क्षति भएको सम्पत्तिका कारण बिमा दाबीको दवाब असामान्यरूपमा बढ्ने सम्भावना छ, जसले बिमा क्षेत्रमा नै संकट ल्याउन सक्छ । रोजगारीमा पनि प्रत्यक्ष असर परेको छ । तोडफोड र आगजनीमा परेका उद्योग तथा व्यवसाय लामो समयसम्म सञ्चालनमा आउन सक्दैनन्, जसका कारण हजारौं कामदारले रोजगारी गुमाउने अवस्था सिर्जना हुन्छ । बेरोजगारी बढ्दै जाँदा उपभोग क्षमता घट्छ, बजारमा माग कमजोर पर्छ र अर्थतन्त्र अझै गहिरो संकटतर्फ धकेलिने निश्चित छ । तसर्थ, सरकार र नागरिक मिलेर अब देशलाई शान्ति, स्थिरता र लगानी-मैत्री वातावरण कायम गरी अर्थतन्त्रलाई गहिरो संकटबाट जोगाउनतर्फ ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

प्रेम सुन्दर अनुहार र धन सम्पतिले हैन,
सुन्दर मन र एक अर्को बीचको loyalty ले टिक्छ !
*(निरुता रावत क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Niruta Rawat Chetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जेनजीलाई अवसरसँगै सुशासन कार्यान्वयनको चुनौती



**शैलेन्द्र महतो**

*देश र यसको प्रत्येक निकाय कानुनले चल्ने हो, कुनै व्यक्तिको भनाइ वा भावनाले होइन । व्याप्त भ्रष्टाचार नियन्त्रण गर्ने एकमात्र उपाय भनेको कठोर कानुनी व्यवस्था र त्यसको इमान्दार कार्यान्वयन हो । जबसम्म कडा कानुन निर्माण र लागू हुँदैन, जबसम्म भ्रष्टाचारीको सम्पत्ति जफत हुँदैन, तबसम्म हामीले सपना देखेको सुशासन सम्भव छैन । समाजमा कानूनको डर अनिवार्य हुनुपर्छ–जसरी जघन्य अपराध गर्नुअघि मान्छेमा सजायको भय हुन्छ । त्यसरी नै भ्रष्टाचार गर्नु अघि कानुनसँग डर होस् । तर अहिलेसम्मको कानुन भ्रष्टाचारविरुद्ध पर्याप्त कठोर छैन । जे जति व्यवस्था छ, त्यसमा पनि अनेकौँ छिद्र छन् । यसको नजिर विशेष अदालतमा प्रयाप्त भेटिन्छन् । किन भने अख्तियार दुरुपयोग अनुसन्धन आयोगले विशेष अदालतमा दायर गर्ने अधिकतम भ्रष्टाचार मुद्दामा सफाइ पाउनेहरू बढी देखिन्छन् । करोडौं अर्बौंको भ्रष्टाचार गर्नेहरू समान्य धरौटीमा छुट्ने गरेको, भ्रष्टाचार प्रमाणित हुँदा पनि थोरै सजाय पाउने, सर्वोच्चमा पुनरावेदन गरेर सफाई वा थोरै सजाय पाउने कयौं घटनाहरू छन् । यसले अदालहरूको निस्पक्षतामाथि पनि प्रश्न छ । देशका कथित ठूला एवं शक्तिशाली नेता/कर्मचारी वा भ्रष्टाचार काण्डका फाइल अख्तियारमा थन्कने, कारबाही प्रक्रिया अघि नबढ्ने भनेर अख्तियारमाथि समेत पटक पटक प्रश्न उठ्ने गरेको छ । न्यायिक र सवैधानिक निकायमा दलगत भागबण्डाका आधारमा हुने नियुक्ति र त्यस्ता पदाधिकारीको कार्यशैलीले जनमानसमा शंका पैदा गरेको छ। राजनीतिक आडमा आफ्नालाई जोगाउने र विपक्षीलाई दमन गर्ने प्रवृत्तिले न्यायप्रति अविश्वास बढाएको छ ।*

देशमा सामाजिक सञ्जाल प्रतिबन्ध र कुशासनविरुद्ध भदौ २३ र २४ गतेको जेनजीको आन्दोलन, युवाहरूसहित ५१ नेपालीको सहादतले नयाँ अध्यायको सुरुवात भएको छ । केपी शर्मा ओलीको हठतन्त्रले उत्पन्न गरेको विषम परिस्थिति तत्कालका लागि टरेको छ । जेनजीको प्रस्तावअनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन र संसद् विघटनसँगै देश सामान्य अवस्थामा फर्किन खोजिरहेको छ । यसबाट युवामा उत्साह बढेको छ । भ्रष्टाचार, कुशासन तथा बेतिथिको अन्त्य हुने आशाको किरण जागेको छ । तर, यो मार्ग सजिलो भने छैन । सुशीला कार्की नेतृत्वको सरकार अन्तरिम हो ।

यसको आयु आगामी फागुन २१ गते घोषणा गरिएको प्रतिनिधिसभाको निर्वाचनसम्मलाई मात्र हो । यो सरकार केही महत्वपूर्ण कदमको विजारोपण गर्न सक्छन् होला । तर, चीरकालसम्म सुशासनको लागि संविधान र कानुन उपयुक्त हुनु पर्दछ। अन्तरिम सरकारलाई चुनौतीसँगै पर्याप्त अवसर आएको छ । देश र यसको प्रत्येक निकाय कानुनले चल्ने हो, कुनै व्यक्तिको भनाइ वा भावनाले होइन । व्याप्त भ्रष्टाचार नियन्त्रण गर्ने एकमात्र उपाय भनेको कठोर कानुनी व्यवस्था र त्यसको इमान्दार कार्यान्वयन हो । जबसम्म कडा कानुन निर्माण र लागू हुँदैन, जबसम्म भ्रष्टाचारीको सम्पत्ति जफत हुँदैन, तबसम्म हामीले सपना देखेको सुशासन सम्भव छैन । समाजमा कानूनको डर अनिवार्य हुनुपर्छ–जसरी जघन्य अपराध गर्नुअघि मान्छेमा सजायको भय हुन्छ । त्यसरी नै भ्रष्टाचार गर्नु अघि कानुनसँग डर होस् । तर अहिलेसम्मको कानुन भ्रष्टाचारविरुद्ध पर्याप्त कठोर छैन । जे जति व्यवस्था छ, त्यसमा पनि अनेकौँ छिद्र छन् । यसको नजिर विशेष अदालतमा प्रयाप्त भेटिन्छन् । किन भने अख्तियार दुरुपयोग अनुसन्धन आयोगले विशेष अदालतमा दायर गर्ने अधिकतम भ्रष्टाचार मुद्दामा सफाइ पाउनेहरू बढी देखिन्छन् । करोडौं अर्बौंको भ्रष्टाचार गर्नेहरू समान्य धरौटीमा छुट्ने गरेको, भ्रष्टाचार प्रमाणित हुँदा पनि थोरै सजाय पाउने, सर्वोच्चमा पुनरावेदन गरेर सफाई वा थोरै सजाय पाउने कयौं घटनाहरू छन् ।

यसले अदालहरूको निस्पक्षतामाथि पनि प्रश्न छ । देशका कथित ठूला एवं शक्तिशाली नेता/कर्मचारी वा भ्रष्टाचार काण्डका फाइल अख्तियारमा थन्कने, कारबाही प्रक्रिया अघि नबढ्ने भनेर अख्तियारमाथि समेत पटक पटक प्रश्न उठ्ने गरेको छ । न्यायिक र संवैधानिक निकायमा दलगत भागबण्डाका आधारमा हुने नियुक्ति र त्यस्ता पदाधिकारीको कार्यशैलीले जनमानसमा शंका पैदा गरेको छ। राजनीतिक आडमा आफ्नालाई जोगाउने र विपक्षीलाई दमन गर्ने प्रवृत्तिले न्यायप्रति अविश्वास बढाएको छ । पदको दुरुपयोग गरेर अकुत सम्पत्ति आर्जन गर्नेहरू राजनीतिक संरक्षण र पैसाको बलमा उन्मुक्ति पाउँछन् । भ्रष्टाचारीहरू समाजमा राजा हरिशचन्द्रझैँ सगर्व हिँडिरहेका छन् र विलासी जीवन बाँचिरहेका छन् । यो नै भ्रष्टाचारलाई थप प्रोत्साहन गर्ने कारण बनेको छ । त्यसैले कडा कानुन निर्माण र त्यसको कार्यान्वयनमा पूर्ण इमान्दारी नभएसम्म देशलाई भ्रष्टाचार मुक्त त के नियन्त्रण समेत गर्न सकिँदैन । भ्रष्टाचार नियन्त्रणका लागि कठोर कानुन बनाउन, स्थायी सरकारको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था र संविधानमा दल, नेता तथा बिचौलियाका स्वार्थपूर्ण प्रावधानहरू संशोधन वा पुनर्लेखन गर्नुपर्दछ । यो अत्यन्त चुनौतीपूर्ण छ । यसका लागि दुईतिहाइ बहुमत चाहिन्छ, जुन संवैधानिक प्रावधानअनुसार चुनावमार्फत मात्र सम्भव हुन्छ । यदि आगामी निर्वाचनमा यस्ता साझा एजेण्डा बोकेका युवाले दुईतिहाइ बहुमत सुनिश्चित गर्न सके भनेमात्र संविधान संशोधन सम्भव हुन्छ, नभए यो कार्य फलामे च्युरा चपाएजस्तो कठिन हुनेछ । देशमा हालैसम्म पनि दलहरूको प्रभुत्व छ । केन्द्रदेखि टोलसम्मै दलका कमिटीले नियन्त्रण जमाइरहेका छन् ।

आगामी चुनावमा पनि ती दलहरूको प्रभावशाली उपस्थिति हुने सम्भावना प्रबल छ । जसले फेरि पुरानै अवस्था दोहोरिन सक्ने संकेत दिन्छ । त्यसैले अबको जेनजी पुस्ताले देशभक्त, इमान्दार र चरित्रवान युवा तथा प्रतिष्ठित व्यक्तिहरूलाई जोडेर टोल-टोलमा अभियान सञ्चालन गर्नुपर्ने हुन्छ । साथै जनतालाई परिवर्तनशील सोच बनाउन, सचेत बनाउन र 'हाम्रो' होइन 'राम्रा' लाई मत दिन प्रेरित गर्नुपर्छ। मतदाता इमान्दार नभएसम्म सुशासनको कल्पना गर्न सकिँदैन । मतदाताको कमजोरीको फाइदा उठाएरै नेताहरूले अहिलेसम्म जित्दै आएका छन् र समाजसेवामुखी हुनुपर्ने राजनीति भ्रष्टाचारको साधन बनेको छ । अहिले पनि मतदातामा दलप्रतिको लगाव, पार्टीको चुनावी छापप्रतिको वफादारी र आर्थिक रूपमा कमजोर वर्गले सानो रकम वा भोजभतेरका आधारमा मत दिने परम्परा विद्यमान छ ।

कतिपय ठाउँमा वर्गीय, जातीय र सामुदायिक आधारमा मत दिने प्रवृत्ति पनि बलियो छ। हाम्रो चुनावी व्यवस्था खर्चिलो छ। यसले जतिसुकै राम्रा मान्छे भए पनि आर्थिक रुपमा कमजोर भए जित्न सक्ने सम्भावना न्युन हुन्छ । यी सबै प्रवृत्तिहरू अन्त्य नगरेसम्म स्वच्छ, निष्पक्ष, इमान्दार र दक्ष व्यक्तिहरू चुनावबाट चुनिन सक्दैनन् । जबसम्म योग्य र कर्तव्यनिष्ठ व्यक्तिहरू जनप्रतिनिधिमा आउन सक्दैनन्, तबसम्म राम्रो सरकार बन्न सक्दैन । संविधान संशोधन सम्भव हुँदैन र सुशासन कायम हुन सक्दैन । उल्टै, फेरि उही भ्रष्ट प्रवृत्तिको वर्चस्व कायम रहिरहनेछ । हाम्री जस्तै साझा सुशासन, संविधान संशोधनको एजेन्डा बोकेका युवाहरू संगठित भएर अघि बढ्नुपर्छ । जेनजीको आन्दोलन र अन्तरिम सरकार बनाउने कार्यमा महत्वपूर्ण भूमिका र आम युवाका आशाका किरण बालेन्द्र साह जस्ता युवाले नेतृत्व सम्हालेर अभियान थालुन् ।**-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शत्रुहरू आफैं किनारा लाग्नेछन्। अतिथिको रूपमा सत्कार पाइनेछ। | **तुला** : परिस्थितिलाई बुझेर नयाँ निर्णय लिनुहोला। साथीभाइहरूबाट टाढिनुपर्ला। |
| **वृष** : भविष्यको लागि विशेष कामको जग बसाउने अवसर मिल्नेछ । | **वृश्चिक** : सहयोगको नाममा हजुरको कमजोरीको फाइदा उठाउन सक्छन्। |
| **मिथुन** : आम्दानी बढाउन नयाँ कार्य प्रारम्भ गर्न सकिनेछ । | **धनु** : यहाँको मेहनतमा अरुले फाइदा उठाउन सक्छन् । |
| **कर्कट** : अनुभवलाई निखार्ने समय रहेको छ। पिताको सहयोग मिल्नेछ। | **मकर** : बुद्धिको उपयोगले परिस्थितिलाई अनुकूल बनाउन सकिनेछ । |
| **सिंह** : लगनशीलताले अध्ययनमा प्रगति हुनेछ । दाम्पत्य जीवन सुमधुर रहनेछ। | **कुम्भ** : खर्च बढ्नुका साथै अर्थको अभावले सताउन सक्छ। |
| **कन्या** : सेवा कामले समाजमा प्रतिष्ठित गराउनेछ ।ववादबाट टाढा रहनुहोस्। | **मीन** : रमाइलो समय व्यतीत हुनेछ। यात्राको रूपरेखा निर्माण हुनेछ। |

## शिक्षा

# पर्सामा सरकारी कार्यालय र विद्यालय खुले




**वीरगञ्ज (पर्सा)**, भदौ २९/जेनजी समूहको आन्दोलन र प्रदर्शनका कारणले अस्तव्यस्त भएको पर्साका गतिविधि सामान्यतर्फ फर्किन लागेको छ । गत भदौ २३ र २४ गतेको विषम परिस्थितिले यहाँको सरकारी कार्यालयको सेवाप्रवाह र विद्यालयको पठन-पाठन कार्य ठप्पजस्तै रहेको थियो ।

तर, यहाँको अवस्था क्रमश: सुधारोन्मुख देखिँदै गइरहेको छ । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले आइतबारदेखि जिल्लाका सबै सरकारी कार्यालयले नियमित रूपमा सेवा प्रवाह गर्नका लागि अनुरोध गरिएको जानकारी दिए । 'हालैको आन्दोलनका कारण सेवा प्रभावित भएका कार्यालयले आइतबारदेखि नियमित रूपमा सेवाप्रवाह गर्नका लागि अनुरोध गरिन्छ', उनले भने,'आन्दोलनको क्रममा क्षतिग्रस्त भएका कार्यालयको हकमा' सर्भिस डेलिभरी प्लानङ्ग बनाई यथाशक्य चाँडो सेवा प्रवाह हुने व्यवस्था गर्न अनुरोध गर्दछु ।' त्यसैगरी, वीरगञ्ज महानगर शैक्षिक प्रशासन महाशाखाले पनि आइतबारदेखि विद्यालय खोलेर आवश्यक सरसफाइका काम अघि बढाउन अनुरोध गरेको छ । महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले आइतबार विद्यालय खोलेर विद्यालयको कक्षाकोठा तथा शौचालय सरसफाइ गर्न अनुरोध गरेका छन् । 'विद्यालयको खानेपानीको ट्याङ्गीलगायतमा अनिवार्य रूपमा क्लोरिन राख्न पनि अनुरोध गर्दछौं', उनले भने, 'विद्यालयले आवश्यक सुरक्षा सतर्कता अपनाएर पठनपाठन कार्य अघि बढाउन पनि अनुरोध गरिन्छ ।' जिल्ला प्रशासन कार्यालयले पनि शनिबारदेखि निषेधाज्ञाको समय बढाएर रातको समयमा मात्र कर्फ्यू कायम राखेको छ । यहाँको बजार क्षेत्रमा पनि सर्वसाधारणको चहलपहल पनि विस्तारै बढ्दै गइरहेको छ ।**-रासस**

# शिक्षा मन्त्रालय सार्नें हैन 'ध्वाँसो पुछ्दै' काम गर

**काठमाडौं**, भदौ २९/भ्रष्टाचार, अनियमितता र बेथिति विरुद्ध जेन -जीले सुरु गरेको विद्रोहको जगमा मुलुकमा नयाँ सरकार गठन भएको छ । विद्रोहको पाँच दिन पछि, शुक्रबार अबेर सुशीला कार्कीले प्रधानमन्त्रीको पद सम्हालेकी छन् । संसद बिघटन भएको छ । आउँदो फागुन २१ गते मध्यावधि निर्वाचनको मिति तय भएको छ ।

विद्रोहका बेला भड्किएको भिडले मुलुकको मुख्य प्रशासनिक केन्द्र सिंहदरबारमा पनि आगजनी गरेका कारण प्रधानमन्त्री कार्कीको पदभार गृह मन्त्रालयका लागि बनाईएको नयाँ भवनमा गराउने तयारी छ । अब नियुक्त हुने मन्त्रीहरुले पनि पदभार ग्रहण गर्ने नै छन् । तर कहाँ ? यसै गरी नयाँ बनेका चिटिक्कका ठाउँमा कि जे जस्तो हालतमा छन् त्यहीं सरसफाई गरेर काम चलाउने 'मोडल'मा ? आगजनीको चौथो दिन शुक्रबार मुख्य सचिव एकनारायण अर्याल सहितको टोलीले सिंहदरबारको निरिक्षण गर्दा शिक्षा सहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र गृह मन्त्रालयमा शतप्रतिशत क्षति भएको यकिन गर्यो । बसेर काम गर्नै नसक्ने गरी क्षती भए पछि विकल्पमा अर्को स्थान खोजी भइरहेको मन्त्रालयका सचिव चुडामणि पौडेलले बताए । मन्त्रालयको नियमित काम सुरु गर्न दुई ठाउँ कि केशरमहलको केशर पुस्तकालय भएको भवन वा सानोठिमी स्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भवनलाई विकल्पको रुपमा सोचिएको उनले बताए ।

विद्रोहले गरेको विध्वंशको आर्थिक क्षती यकिन हुन बाँकी नै छ, तर विद्रोहको अन्तर्यमा जारी राजनीतिक र प्रशासनिक माखे साङ्लोले आजित बनाएको रोष छ । भ्रष्टाचार, अनियमितता र बेथितिका विरुद्ध भएको विद्रोहलाई सम्बोधन गर्न पनि जे जस्ता हालतमा छन् तीनै संरचनामा बसेर सरकारले काम गर्नु पर्छ । ता कि हरेक क्षण उक्त विद्रोहको स्मरण आईराखोस् । र, राजनीतिक एवं प्रशासनिक क्षेत्र, सुधारका लागि यत्नशील बनिरहोस् । शिक्षा मन्त्रालयकै कुरा गर्ने हो भने तल्लो तलामा रहेको सर्तकता केन्द्रमा अलिक बढि क्षती भएको देखिन्छ । तर शिक्षा मन्त्रालयका कोठाहरुमा सिसा र फर्निचर तोडफोड बाहेक बस्नै नसक्ने अवस्था छैन । मन्त्रीको कोठामा भएका टेवलका सिसा फुटेका छन्, कुर्चि टेवल सग्लै छन् । कोठाको फोहर मन्त्रालयकै कर्मचारीले एक दुई दिनमा सफा गरेर सक्ने बताएका छन् । मन्त्रीको सचिवालयमा पनि बस्नै नसक्ने हालत देखिदैंन । पार्किगंमा राखिएका गाडी र बाईकमा भएको आगलागिले निकालेको ध्वासौंले भित्ताहरु कालो भएका छन् त्यो पुछ्ने, सफा गर्ने गर्दा भईहाल्छ । सचिव पौडेलको कक्षको टेवुल ढालिएको छ, झ्याल र दराजका केही सीसा फुटाईएको छ । कालो मुस्लोको ध्वाँसो चौथो तला सम्म छ मन्त्रालयको बाहिर पनि छ भित्रबाट पनि गएको छ तर, चौथो तलामा हुल गएको देखिदैंन ।

मन्त्रीको सचिवालयसँग जोडिएको विकास सहायता समन्वय शाखामा केही भएको छैन । उच्च शिक्षा महाशाखा, योजना तथा अनुगमन महाशाखामा भुईंभरी कालो छ । भित्ता पनि कालो छ तर बसनै नसक्ने हालतको तोडफोड भएको छैन । विद्यालय शिक्षा महाशाखामा पनि खासै केही भएको छैन । विज्ञान तर्फको भर्याङ्मा क्षती भएको छ । तर, चावि लगाएका कोठा केही भएकै छैन । मन्त्रालयका ४० वटा गाडि मध्ये १८ वटा ध्वस्त भएका छन् तत्कालिन मन्त्री रघुजी पन्तको निवास भैंसेपाटिमा रहेका तीनवटा गाडि पनि ध्वस्त भएका छन् । अहिलेको विषम परिस्थितीमा मन्त्रालय सार्ने भन्ने कुरा असान्दर्भिक भएको भन्दै मन्त्रालयका केही कर्मचारीले आलोचना गरेका छन् । एकातिर राज्य कोषको यत्रो क्षती अर्कातिर वेथिती विरुद्धको विद्रोहका बिचमा सामान्य अवस्थाको जस्तो सोच गलत भएको उनीहरुको तर्क छ । मन्त्रालयका कार्यालय सहयोगी लगायतका कर्मचारीले सफाई गर्छौं भन्दा माथिल्ला तहका कर्मचारीहरुले सुनेको नसुन्यै गरेको एक कर्मचारीले गुनासो गरे । 'सीसा फुट्नु र टेवल पल्टनुले केही हुन्न, सर सफाई गर्ने र बस्ने काम गर्ने हो भन्ने सोच्न जरुरी'छ मन्त्रालयका एक कर्मचारी भन्छन् 'सार्दा त फाईदै फाईदा हुन्छ, खरिद हुन्छ, कमिसन हुन्छ, फाईल कुर्चि ढुवानीमा त्यस्तै हुन्छ के के हुन्छ के के ।' हिजोको जस्तो सामान्य अवस्था भएको भए फरक हो अहिलेको अवस्था विषम हो यस्तो अवस्थामा मन्त्रालयले फरक तरिकाले सोच्नु पर्छ ।

नयाँ आउने मन्त्रीलाई कालो ध्वाँसो सहितको टुटेफुटेकै कोठामा स्वागत गर्नु पर्छ । ता कि यो विद्रोहको स्मरण भईरहोस् । तत्कालका लागि पानीको प्रवन्ध, बिजुली र ईण्टरनेटका तारहरु जलेका कारण कार्य सम्पादनमा अप्ठ्यारो हुन सक्छ । मन्त्री आउन पनि केही समय लाग्ने नै देखिएको छ । त्यतिञ्जेलमा जोडजाड पार्न सकिन्छ । फुटेका झ्याल र ध्वाँसो हेर्दै कार्य सम्पादन गर्न प्रतिवद्ध हुनु पर्ने समय हो यो । 'हरेक दिन दैनिक देख्न पर्यो नी धुवाँ अनी पो कसरी आएको हो भन्ने थाहा होला' अर्का एक कर्मचारीले भने 'भित्र बस्नै सकिन्न भने कम्पाउण्डमा टेण्ट हालेर काम गर्ने हिम्मत गर्ने बेला हो यो ।' शिक्षाका लागि समयानुकुल नीति निर्माण गर्ने, दैनिक शासकीय शैक्षिक प्रवन्ध चुस्त गर्ने जस्ता काममा यस्तो शैलीले नैतिक तागत दिने छ । नयाँ गठित सरकारको मुख्य दायित्व अमन चयन सहित मध्यावधि निर्वाचन गर्नु हो ।

यो संगै संघीयता अनुकुलको शैली व्यवहारमा उतारेर संविधान जीवित गर्ने कार्यभार पनि छ । शिक्षा अधिकार कार्यान्वयन गर्ने चुनौतीको चाँङ उस्तै अजङ्कै छ । विशिष्ट परिस्थितीमा हुन लागेको नयाँ मन्त्रीको ईण्ट्रिको शैलीले आगामी दिनको छनक दिने छ । मन्त्रालयका उच्च कर्मचारी र आउने मन्त्री यस प्रति गम्भिर बनुन् ।

**-इडुखबर डटकम**

# पुस्तकालय र पुस्तक पढ्ने बानी

**कपिल लोहनी** ——————

राणाशासनको पछिल्लो समयमा नेपालमा केही औंलामा गन्न मिल्ने विद्यालय थिए तथा काठमाडौंमा त्रिचन्द्र कलेज खुलिसकेको भएता पनि ज्ञानगुनका साधन र पुस्तकको दुर्लभताले गर्दा हुँदाखाँदाहरू भारतका विभिन्न शहरमा उच्च अध्ययन गर्न जाने गर्दथे ।

नेपालमा नै अध्ययन गर्ने विद्यार्थी तथा पुस्तकका पारखीहरूले विभिन्न माध्यमबाट नेपालमा मगाएका पुस्तकहरू पनि भन्सार र सुरक्षा निकायद्वारा जाँच पडताल गरे पश्चात् मात्र काठमाडौंमा भित्रिन पाउँथे । केही सम्भ्रान्त र दरवार निकटका व्यक्तिहरूका घरमा मात्र पुस्तकालय भन्न सुहाउने खालका पुस्तकले भरिभराउ कोठा हुने गर्दथे र त्यहाँ गएर पुस्तक तथा पत्रपत्रिका पढ्ने मोहले नै कतिपय व्यक्तिहरू उनीहरूसँग निकट हुने कोशिशमा रहन्थे । मेरा हजुरबुवा पं. दीपकेश्वर शर्मा लोहनीले काठमाडौंको न्हैकन्तलास्थित आफ्नो निवासमा दुई कोठाको पुस्तकालय बनाउनु भएको थियो। उहाँको पुस्तकालयमा भारत र बेलायतमा प्रकाशन भएका कतिपय पुस्तकहरू र भारतबाट प्रकाशन हुने हिन्दी, अङ्ग्रेजी र संस्कृतका कतिपय पत्रपत्रिकाहरू नियमित रूपमा आउने गर्दथे रे । यो वि.सं. २००० भन्दा पनि अघिको कुरा हो। त्यति नै बेला उहाँ हालको त्रिचन्द्र कलेजमा अवस्थित वीर पुस्तकालयमा काम गर्नुहुन्थ्यो । वीर पुस्तकालयमा निकै महत्वपूर्ण ऐतिहासिक दस्तावेजका पाण्डुलिपी पनि राखिएका थिए । त्यतिबेलाका बडागुरुज्यू जो राजा र राणाको दरवारमा निकै प्रभावशाली व्यक्ति थिए, उनी हाम्रा हजुरबुवाको विद्वताको इर्ष्या गर्थे रे भन्ने कुरा विभिन्न व्यक्तिका संस्मरणबाट थाहा लाग्न आएको थियो । महाकवी लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम तथा अन्य समकक्षी साहित्यकारहरूले समेत सम्मानपूर्वक पुज्ने गरेका थिए उहाँलाई। उहाँ जोगमण्डलीका कविहरू जोगवीरसिंह उदास, चक्रपाणि चालीसे, दधिराम मरासिनी, पुण्यप्रसाल लोहनी, बाबुराम आचार्य, लेखनाथ पौड्याल, सिद्धिदास अमात्य आदिका समकक्षी हुनुहुन्थ्यो । मोतिराम भट्टले वाराणसीमा मोतीमण्डलीको स्थापना गरेका थिए । उनीबाटै प्रभावित भएर नेपालमा (खासगरी काठमाडौंमा) जोगमण्डली जस्ता केही साहित्यिक जमघट हुने स्थानहरू भूमिगत रूपमा खुलेका थिए । त्यस्ता मण्डलीमा भारतबाट ल्याइएका विभिन्न विषयका पुस्तकहरू वाचन गरेर तिनको परिचचर्दिखि साहित्यिक रचनाहरूका वाचन पनि गर्ने गर्दथे उतिबेलाका स्रस्टाहरू । पछि वीर पुस्तकालयबाट बडागुरुज्यू कै पहलमा वृटिश रेजिडेन्सीका एक उच्च पदस्थ अनुसन्धातालाई कैयन् महत्वपूर्ण पुस्तकका पाण्डुलिपी तथा अन्य दस्तावेजहरू अध्ययनको निम्ति दिइएकोमा ती विद्वानले ती मध्येका धेरै पुस्तकहरू फिर्ता नदिएर कलकत्ता प्रस्थान गरकोले बडागुरुज्यूले राणा प्रधानमन्त्रीलाई दीपकेश्वर लोहनीले पुस्तकहरू हिनामिना गरेको कुरा सुनाएकाले उहाँका हितैषीहरूको सल्लाहमा उहाँ सो पदबाट राजीनामा दिएर भारतको वाराणसीमा स्वनिर्वासनमा जानुभयो । यो घटनाको कारण उहाँले मानसिक सन्तुलन समेत गुमाउनु भएको थियो । कमलमणि दीक्षितले कुनै लेखमा लेखे अनुसार ती बेलायती अनुसन्धाताले आफूले लगेका अधिकांश दस्तावेज पछि फिर्ता गरेका थिए र दीपकेश्वर लोहनीमा लागेको दाग मेटिएको थियो । त्यस्तै केशरशमशेरले आफ्नो अध्ययनको शौक पूरा गर्न आफ्नो केशरमहलमा हजारौं पुस्तकको संग्रह गरेका थिए । २००७ सालको प्रजातान्त्रिक आन्दोलन पश्चात् उनको संग्रहका पुस्तक र केशरमहल पनि उनको इच्छा बमोजिम नै सरकारी पुस्तकालयमा परिणत भयो । त्यहाँ ६०,००० भन्दा बढी पुस्तक संग्रहित थिए । त्यति मात्र नभई त्यो पुस्तकालयमा तेल चित्रदेखि अन्य धेरै महँगा सजावटका सामान पनि थिए । २०७२ सालको महाभूकम्पमा सो भवन नराम्ररी क्षतिग्रस्त हुन पुग्यो तर त्यो भवनको हालै मात्र रेट्रोफिटिङ सकेर सो पुस्तकालयलाई ब्युँताउने काम भइरहेको छ । काठमाडौंको पुलचोकस्थित नेपालकै सबैभन्दा ठूलो राष्ट्रिय पुस्तकालय पनि महाभूकम्पको बेला भत्कन पुगेको थियो। त्यहाँ भएका हजारौं पुस्तक तथा छापा र पत्रिकाहरू कपडाका पोकामा बाँधेर थिमीको कुनै सरकारी कार्यालयको छिँडीमा राखिएको भन्ने सुन्नमा आएको थियो भने यसरी राखिएको पनि अब त १० वर्ष भइसकेको छ । कतिपय पुस्तकहरू अब ढुसी र ओसले गर्दा काम नलाग्ने भइसकेका होलान्। सरकारले जमल (कान्तिपथ) स्थित त्रिभुवन विश्वविद्यालयको खाली जग्गामा एक आधुनिक भवन बनाएर राष्ट्रिय पुस्तकालयलाई त्यहाँ सार्ने योजना बनाएको पनि वर्षौं भइसकेको छ, तर कुनै प्रगति भएको छैन । बरू केशर पुस्तकालयमा नै सो पुस्तकालयलाई गाभेको भए पनि हुने थियो होला नि । धेरै वटा भन्दा भएकालाई गाभेर भए पनि व्यवस्थित बनाउनु उत्तम र कम खर्चिलो उपाय होला । आजभन्दा ४०-५० वर्ष अगाडिसम्म अरब मुलुकका सम्भ्रान्त व्यक्तिहरूले आफ्नो बैठकमा ठूला ठूला र्‍याक राखेर इन्साक्लोपेडिया र अन्य पुस्तकका ठेली सजाउने गर्दथे तर उनीहरूमध्ये अधिकांश अनपढ नै हुन्थे, त्यसैले त्यहाँ भएका कुनै पनि पुस्तक उनीहरूले पढेका हुँदैनथे होलान्-फोटोसम्म त हेरे नै होलान् । त्यतिले पनि केही ज्ञान त हासिल भयो होला । तर यसरी विद्वता रूपी पाखण्डको प्रदर्शन गर्ने तत्कालीन अरब र अन्य मुलुकका सामन्तका सन्तानहरू आज निकै शिक्षित हुँदै गएकाले उनका बैठकमा आजको दिनमा सजिएका वा उनका अशिक्षित अग्रजले जम्मा गरेका पुस्तकहरूमा उनका विद्वत चक्षु परिसकेका होलान् ।

राणाशासन कै बेलामा मुलुकका विभिन्न ठाउँमा ससाना पुस्तकालयहरू खोलिएको कुरा इतिहासमा पढ्न पाइन्छ । तर राणाशासनको अन्त पछि भने यो क्रमले निकै निरन्तरता पाएको हो। राजधानीमा अमेरिकन, वृटिश, रसियन, जर्मन, फ्रेन्च, चिनियाँ, भारतीय आदि पुस्तकालय खुले । ती पुस्तकालयहरू ज्ञान आर्जन गर्न चाहने मानिसहरूका निम्ति चार धाम नै बनेर रहेका थिए । खासगरी बेलुकीपख त्यहाँ पुस्तक तथा पत्रपत्रिका र अखवार पढ्न जानेको ठूलो लर्को लाग्ने गर्दथ्यो । ती पुस्तकालयहरूमा विभिन्न विषयका वृत्तचित्र र ती मुलुकका कथानक चलचित्रहरू समेत प्रदर्शन हुने गर्दथे भने विभिन्न विद्वानहरूका मन्तव्य र प्रवचन समेत पनि सुन्न पाइन्थ्यो । तर आज आएर त्यस्ता पुस्तकालय र सांस्कृतिक केन्द्रहरू बिस्तारै बन्द हुन थालेका छन् । जंगबहादुरको बेलायत यात्रा ताका उनलाई लण्डनको पुस्तकालय देखाउन लग्दा सो पुस्तकालयको कुनाको एक टेबुलमा झ्याम्म दाह्री-जुङ्गा र लामो जिङ्रिङ्ग परेको कपाल पालेका तथा कालो ओभरकोटले जाडोबाट जोगिन शरीर ढाकेका मोटा व्यक्ति किताबहरूको ठेली लिएर अध्ययनमा मग्न थिए । जंगले त्यतिबेला उनलाई देखे कि देखेनन् कुन्नि तर ती महान् चिन्तक कार्ल मार्क्सले भने पछि आफू आजको मुम्बईमा कामको सिलसिलामा आउँदा लेखेको एक टिपोटमा इन्डियन (नेपालको) राजकुमारलाई आफूले लण्डनको पुस्तकालयमा देखेको कुरा बताएका छन् अरे । जंगबहादुरलाई बेलायतको पुस्तकालयले जे जस्तो प्रभाव पारे वा नपारे पनि उनले पछि नेपाल आएर आफ्ना परिवारका बालबच्चालाई औपचारिक शिक्षाको अवसर दिने हेतुले थापाथली दरवारभित्र एउटा विद्यालय स्थापना गरे र भारतको कलकत्ताबाट शिक्षक र पाठ्यपुस्तकहरू पनि झिकाए । पछि त्यहि विद्यालय काठमाडौंको सेतो दरवारको ढोकानिर र त्यसपछि जमलको हालको परिसरमा सरेर दरवार स्कूल वा आज दरवार हाई स्कूल (भानु माध्यमिक विद्यालय)को रूपमा लोकप्रिय बन्न पुग्यो । त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय निकै भव्य छ भने त्यहाँ पत्रपत्रिका तथा पुस्तक र सो विश्व विद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थीका शोधपत्रले पनि भरिभराउ छ। नेपालमा प्रकाशन भएका अति पूराना पत्रपत्रिका र दस्तावेजहरूको पनि त्यहाँ राम्रो संग्रह छ । यो पुस्तकालय पनि २०७२ सालको महाभूकम्पबाट प्रभावित भएको थियो । आज यो पुस्तकालयको अत्याधुनिक भवन पनि भारत सरकारको सहयोगमा तयार भएर सञ्चालनमा आइसकेको छ । नेपालमा प्रकाशन हुने सबै पुस्तक तथा पत्रपत्रिकाहरूको आइएसबिन नम्बर त्यहाँ दर्ता गरेर हासिल गर्नु पर्दछ । यो विश्वविद्यालय जस्तै काठमाडौं विश्वविद्यालय र अन्य ठूला शिक्षण संस्थाका पनि आफ्नै आधुनिक पुस्तकालयहरू छन् । सरकारका विभिन्न मन्त्रालय तथा ठूला कार्यालयमा समेत पुस्तकालयहरूको व्यवस्था गरिएको छ । त्यस्तै नेपाल प्रज्ञाप्रतिष्ठान र मदन पुरस्कार गुठीका पुस्तकालयमा पनि पुस्तक तथा पत्रपत्रिकाको ठूलो संग्रह छ । पुस्तकालयहरूले आफ्नो परिसरमा पुस्तक अध्ययन गर्ने वाहेक आफ्ना सदस्यहरूलाई पुस्तक सापटमा लिएर घरमा पढ्ने र फिर्ता बुझाउने सुविधा पनि दिएको हुन्छ । तर नेपालका सबैजसो पुस्तकालयहरूमा पुस्तक सापट मागेर लग्ने तर फिर्ता नगर्ने परिपाटीले जरै गाडेको छ । त्रिभुवन विश्वविद्यालयमा आजभन्दा ४०-४५ वर्ष अगाडि विद्यार्थी कालमा पुस्तक सापटी लिएका कैयन् विद्यार्थी जो आज उच्च ओहदामा पुगिसकेका छन्, उनले पनि आजसम्म ती पुस्तक फिर्ता गरेका छैनन् । बेला बेलामा अखबारमा प्रकाशन हुने पुस्तक नबुझाउनेहरूको नामावलीमा आज उच्च ओहदामा पुगेका मानिसहरूको समेत नाम आउने गर्दछ । तर हाल विभिन्न उच्च पद ओगटेका मान्छेहरू र कैयन् अशिक्षित मन्त्री तथा नेताहरूलाई सलाम गर्न मन लाग्छ, जसले विश्वविद्यालयमा पढ्ने अवसर नपाएकाले पुस्तकालय नदेखेका र उनीहरूले कमसेकम पुस्तक लगेर फिर्ता नगर्ने कुसंस्कारबाट टाढै रहने अवसर पाए । तर समाजमा यस्ता शिक्षित व्यक्ति पनि छन् जसले उच्च पदस्थ कर्मचारी वा कुटनीतिज्ञ छँदा होस् वा कसैको घरमा जाँदा होस् मौका मिल्यो कि पुस्तक चोर्ने गरेका छन्। व्यक्तिगत पुस्तक पढ्न लगेर नबुझाउने त नेपालमा निकै गण्यमान्य व्यक्तिहरू नै छन्, सानाको त के कुरा गर्नु । हिजोआज सबै प्रकारका शिक्षण संस्थाहरूमा पुस्तकालयको व्यवस्था गरिएको हुन्छ । त्यस्ता पुस्तकालयहरूमा समेत पुस्तक हराउने, चोरी हुने तथा पढ्न लगेको पुस्तक फिर्ता नगर्ने क्रम बढिरहेको देख्न सकिन्छ । अर्कोतर्फ पुस्तकालय जाने संस्कृतिमा नै ह्रास आउन थालिसकेको छ । नेपालमा सार्वजनिक पुस्तकालयहरू खाली खाली हुन थालेका छन् भने पुस्तक वा पत्रपत्रिकाको विक्री पनि पहिलेको दाँजोमा निकै घटेको छ । धेरै शिक्षित व्यक्तिहरूसँग कुरा गर्दा इन्टरनेटमा नै सबै सूचना तथा रोचक कुरा पढ्न पाउने तथा इ-बुकको पनि जमाना भएकोले कागजी पुस्तक तथा पत्रपत्रिकाको अब कुनै औचित्य नभएको कुरा बताउँछन्। तर यो कुराको पुरापुर समर्थन गर्न हामी जस्ता पुस्तक प्रेमीहरूको मनले मान्दैन। पुस्तक आफैंमा एउटा जिउँदो साथी हो । **-डिसी नेपाल डटकम**

# रुपन्देहीमा हट्यो निषेधाज्ञा, बढ्यो चहलपहल



**रुपन्देही,** भदौ २९/रुपन्देहीमा जारी भएको निषेधाज्ञा र कृर्यु हटाइएको छ । जेन-जी आन्दोलनका क्रममा भएको प्रदर्शन, तोडफोड र आगजनीपछि यहाँ निषेधाज्ञा र कृर्यु लगाइएको थियो ।

निषेधाज्ञा र कृर्यु हटाइएसँगै सुनसान बनेको रुपन्देहीमा आइतबार बिहानैबाट चहलपहल सुरु भएको छ । जिल्लाका बजार, स्वास्थ्य तथा शैक्षिक संस्था र व्यापारिक प्रतिष्ठान खुलेका छन् । जिल्लाका प्रमुख र भित्री सडकमा ठूला र हलुका सवारी साधनको बाक्लो ओहोरदोहोर देखिन्छ । प्रमुख जिल्ला अधिकारी टोकराज पाण्डेले सूचना जारी गरेर जिल्लामा शान्ति सुरक्षाको अवस्था सामान्य रहेकाले निषेधाज्ञा र कृर्यु आदेश हटाइएको जनाएका छन् । निषेधाज्ञा र कृर्यु आदेशको पालना गरी शान्ति सुव्यवस्था कायम गर्न सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्दै पारस्परिक सद्भाव कायम गर्न, सार्वजनिक सेवा प्रवाह गर्न, शिक्षण संस्था सञ्चालन गर्न, आवागमन सुचारु गर्न, पूर्ववत क्रियाकलाप नियमित गर्न र बजार व्यवस्थालाई चलायमान बनाउन सरोकारवाला सबै पक्षसँग आवश्यक समन्वय र सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय रुपन्देहीले अनुरोध गरेको छ । एक सातादेखि बन्द जिल्लाभरका विद्यालय पनि आइतबारबाट सञ्चालनमा आएका छन् । शनिबार साँझ प्याब्सन जिल्ला अध्यक्ष दीपक खनाल, नेसनल प्याब्सन अध्यक्ष बाबुराम बञ्जाडे र हिसान रुपन्देहीका अध्यक्ष कृष्णबहादुर न्यौपानेले प्रेस विज्ञप्ति जारी गरेर विद्यालय सञ्चालनमा ल्याउन आह्वान गरेका थिए ।


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

# विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

### नेपालमा हुने काभा महिला नेसन्स लिग स्थगित



**काठमाडौं,** भदौ २९/आगामी नोभेम्बर १५ देखि २२ सम्म नेपालमा हुने तय भएको काभा महिला नेसन्स लिग भलिबल स्थगित भएको छ । सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) को शनिबार भर्चुअलमार्फत बसेको बोर्ड मिटिङले काठमाडौंको टुडिँखेलमा गर्ने भनिउको काभा महिला बउटडोर नेसन्स लिग स्थगित गर्ने निर्णय गरेको हो ।

नेपालको वर्तमान परिस्थितीको कारण प्रतियोगिता स्थगित गरेको काभाले जनाएको छ । साथैले काभाले यो चुनौतीपूर्ण समयमा नेपाल भलिबल संघ, त्यसका सदस्यहरू तथा नेपाली जनतासँग ऐक्यवद्धता प्रकट गरेको छ । यसैगरी काभाले नेपाल भलिबल संघको प्रशंसा गर्दै नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्दको नेतृत्व, निरन्तर समर्पण र टोली भावना प्रति उच्च प्रशंसा व्यक्त गरेको छ । काभाले नेपाल सरकार र राष्ट्रिय खेलकुद परिषदप्रति पनि नेपालमा भलिबलको विकास र विस्तारका लागि देखाइएको अटूट प्रतिबद्धताप्रति आभार व्यक्त गरेको छ । काभाले वर्तमान परिस्थितिको समाधान चाँडै हुने आशा व्यक्त गर्दै नेपालमा प्रतियोगिता सकेसम्म चाँडै हुने आशा राखेको छ । यस्तै नेपाल भलिबल संघले पनि विज्ञप्ती जारी गर्दै नेपालको पछिल्लो परिस्थितीका कारण काभा महिला नेसन्स लिग स्थगित भएको र यहाँको अवस्था सामान्य भएपछि प्रतियोगिता हुने जनाएको छ । भलिबल संघले तोकिएको समयमा काभाका अधिकांश राष्ट्रले नेपालमा टिम पठाउन अस्वीकार गरेको र यस्तो अवस्थामा नेपालमा अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिता आयोजना गर्नु भलिबल संघका लागि चुनौतीपूर्ण रहेको समेत जनाएको छ । काभा नेसन्स लिगको लागि नेपाल भलिबल संघले हिमालय टिभीसँग ब्रोडकास्टिङ तथा मार्केटिङ राइट्स सम्बन्धि सम्झौता समेत गरिसकेको थियो । भदौ २३ गते जेनजी पुस्ताले गरेको आन्दोलन र त्यसपछिको घटनाको कारण उत्पन्न विषम परिस्थितीले गर्दा पोखरामा सञ्चालन भएको एभरेष्ट महिला भलिबल लिगको दोस्रो संस्करण पनि बिचैमा स्थगित भएको थियो ।


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# राष्ट्र बैंकले दशैंका लागि साट्न थाल्यो सुकिला नोट



**पाल्पा,** भदौ २९/नेपाल राष्ट्र बैंकले बडादशैंका लागि आवश्यक पर्ने सुकिला नोट साट्न सुरु गरेको छ । आइतबारबाट बैंकले देशभर सुकिला नोट साट्ने व्यवस्था गरेको हो ।

असोज १० गतेसम्म सुकिला नोट साट्न सकिने बैंकले जनाएको छ । राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभागका अनुसार विभागको थापाथलीस्थित कार्यालयका साथै प्रदेश कार्यालयहरू विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढीबाट सटही गर्न सकिने छ । त्यस्तै इजाजत प्राप्त क, ख, र ग वर्गका बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरुबाट सर्वसाधारणका साथै संघ/संस्थालाई कारोबारको समयमा नोट सटही हुने बैंकले जनाएको छ ।

चाडपर्वका बेला रु पाँच, १०, २०, ५० र १०० दरका नोटको माग अधिक हुने गरेको छ । राष्ट्र बैंकले यस वर्ष नयाँ नोट भने नबाँड्ने भएको छ । दसैंका लागि नयाँ नोट बाँड्दै आएको राष्ट्र बैंकले पछिल्लो समय सुकिला नोट मात्र बाँड्न थालेको हो । दसैँमा नयाँ नोट छापेर बजारमा पठाउने, तिनै नोट चाडपर्वमा प्रयोग गर्दा छिट्टै बिग्रने गरेको हुँदा यसलाई कमी गर्न राष्ट्र बैंकले गत वर्ष पनि नयाँ नोट वितरण गर्न बन्द गरेको थियो । गत वर्षदेखि राष्ट्र बैंकले नयाँ नोटको सट्टा सुकिलो नोट वितरण गर्दै आएको छ । अतिरिक्त खर्च जोगिने र सुकिला नोट पनि व्यवस्थापन हुने भएकाले यस्तो निर्णय लिइएको राष्ट्र बैंकको तर्क छ ।

डिजिटल कारोबार लगायतका कारण ढुकुटीमा सुकिला नोट थुप्रिएपछि त्यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । चाडपर्वका बेला नै केन्द्रीय बैंकले मैला नोट खिचेर नयाँ नोट बजारमा पठाउँदै आएको छ । राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति मार्फत 'सफा नोट नीति' सार्वजनिक गरेको थियो । आर्थिक कारोबारमा सफा नोट मात्र प्रयोग गर्ने र झुत्रा नोट बैंक तथा वित्तीय संस्थाले केन्द्रीय बैंकलाई बुझाउने गरेका छन् ।

## हार्दिक समवेदना



जन्म
वि.सं. २०१२/१०/१८

स्वर्गारोहण
वि.सं. २०८२/०५/२४

**स्व.नरमा काम्मु मगर**

यस जनज्योती लाङ्घाली गुठीका सदस्य इमान सिं काम्मुका पिता, वोम बहादुर काम्मुको श्रीमती, छोरा इमान सिं काम्मु, धन बहादुर काम्मु, देव बहादुर काम्मु, नुर बहादुर काम्मु, दुर्गा सिं काम्मु, किरण काम्मु, छोरी हेमकला काम्मु र प्रमिला काम्मुका ममतामयी माता, बुहारी बेल कुमारी काम्मु, ललिता काम्मु, अम्बिका काम्मु, पूर्णिमा काम्मु, मनिषा काम्मु र हेमा काम्मुकी सासुआमा **नरमा काम्मु मगर**को यही मिति २०८२ भदौ २४ गते मंगलबारको दिन ७० वर्षको उमेरमा भएको असामयिक निधनले यस गुठी कानुङ मै समूह परिवार स्तब्ध भएको छ । यस दुःखद् घडीको आज ७ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| | | |
|---|---|---|
| मन बहादुर आले<br>कोषाध्यक्ष | विर बहादुर खाम्चा<br>सचिव | कुल बहादुर आले<br>अध्यक्ष |
| बन्दना राना खड्का<br>कोषाध्यक्ष | निर्मला राना सारु<br>सचिव | मिना सिंजाली पचभैया<br>अध्यक्ष |

एवं

**जनज्योती लाङ्घाली गुठी एवं कानुङ मै समूह परिवार**

तानसेन-२, मेहलधारा, पाल्पा


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई